**मिति:** २०८३/०१/३१

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार
अर्थ मन्त्रालय, सिंहदरबार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं

**विषय:** छात्रवृत्ति करार स्वास्थ्यकर्मीको तलब तथा भत्ता भुक्तानी सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा नेपाल सरकारद्वारा प्रदान गरिँदै आएको पूर्ण छात्रवृत्ति कार्यक्रम अन्तर्गत अध्ययन सम्पन्न गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले **"नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१"** बमोजिम अध्ययन समाप्तिपश्चात दुई वर्ष सरकारी सेवामा अनिवार्य रूपमा कार्य गर्नुपर्ने व्यवस्था रहेको कुरा सर्वविदित नै छ । सोही अनुसार **स्वास्थ्य सेवा विभागको नियुक्ति** पत्रअनुसार यस मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थामा खटाएको स्वास्थ्यकर्मीहरूले नियमअनुसार **निरन्तर सेवा प्रदान** गरिरहेका छन् ।

यद्यपि विगत केही महिनादेखि यस प्रदेशभर **कार्यरत छात्रवृत्ति करार स्वास्थ्यकर्मीहरूको तलब तथा भत्ता भुक्तानी समयमै हुन सकेको छैन** भन्ने जानकारी गराउन चाहन्छौं। मन्त्रालयले अहिलेसम्म मासिक तलव भुक्तानी गरेको छैन, जसका कारण **३/४/५ महिना कुर्नुपर्ने** अवस्था बारम्बार सिर्जना भएको छ। विगत **दशैं, तिहार, छठपर्व तथा होली जस्ता प्रमुख पर्वहरूमा समेत तलब भुक्तानी लामो समयसम्म रोकिएको थियो।**

निर्देशिकाको अनुसूची–३ अन्तर्गत **"छात्रवृत्ति करारमा सेवामा काम गर्नेको सुविधा" शीर्षकको बुँदा नं. १ मा तलब स्केलसहित उक्त पदले पाउने स्थानीय भत्ता लगायत अन्य भत्तासमेत पाउने व्यवस्था** गरिएको छ। साथै, आ.व. २०८०/०८१ तथा सोभन्दा अघिका आर्थिक वर्षहरूमा प्रदेशभरिका छात्रवृत्ति करारका कर्मचारीहरूलाई **आन्तरिक भ्रमण भत्ता** उपलब्ध गराउँदै आइएको थियो। तर, आ.व. २०८१/०८२ देखि उक्त सुविधा कुनै स्पष्ट आधार एवं निर्णयबिना रोकिएको देखिएको हुँदा यस सम्बन्धमा आवश्यक **छानबिन गरी वास्तविक अवस्था** के हो भन्ने विषय स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु।

यस सम्बन्धमा फोनमार्फत सम्पर्क गर्दा सम्बन्धित अधिकारीहरूले **रुखो व्यवहार गर्ने, आवश्यक कागजात पुगेको भए पनि पुनः पुनः माग गर्ने, संघ वा प्रदेशको अर्थ मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयलाई दोष दिने** जस्ता कार्यहरू भएको छ। यसले स्वास्थ्यकर्मीहरूलाई **मानसिक दबाब र असुविधा** पुर्‍याएको छ।

अर्को कुरा, बारम्बार कार्यरत संस्थाबाटै भुक्तानी हुने भनिए पनि **१०–१५ दिन कुर्न लगाएर** अन्ततः मन्त्रालयले अस्वीकार गरेको र पुनः मन्त्रालयबाटै भुक्तानी हुने भनिएको अवस्था **२–३ पटकसम्म भोगिसकिएको** छ। यसले स्वास्थ्यकर्मीहरूलाई थप अन्योल र असुविधा सिर्जना गरेको छ।

अन्त्यमा, छात्रवृत्ति करार स्वास्थ्यकर्मीहरूको तलब भत्ता मन्त्रालयबाट नियमित तथा मासिक रूपमा भुक्तानी गर्ने सम्बन्धमा आवश्यक **सकारात्मक पहल तथा प्रभावकारी व्यवस्थापन हुन नसकेको**

**मिति:** २०८३/०१/३१

अनुभूति भइरहेको हुँदा, प्रचलित निर्देशिका तथा स्वास्थ्य सेवा विभागको नियुक्तिअनुसार कार्यरत स्वास्थ्य संस्थामार्फत नै **समयमै र नियमित रूपमा तलब भुक्तानी** हुने व्यवस्था मिलाइदिन आवश्यक पहल गरिदिनुहुन यो निवेदन पेश गरेका छौं।

**तलब भुक्तानी नपाएको संस्थाहरुको विवरण**

१. स्वास्थ्य निर्देशनालय, ६ जना, फाल्गुन देखि अहिले सम्म
२. स्वास्थ्य कार्यालय, बारा, ३ जना, असोज देखी अहिले सम्म
३. स्वास्थ्य कार्यालय, पर्सा, ६ जना, पौष देखी अहिले सम्म
४. स्वास्थ्य कार्यालय, धनुषा, ५ जना, ४ महिना देखी
५. स्वास्थ्य कार्यालय, रौतहट, २ जना, ४ महिना देखी
६. स्वास्थ्य कार्यालय, सर्लाही, २ जना, २ महिना देखि
७. प्रादेशिक अस्पताल, बारा, १२ जना, विगत ५ महिना देखि
८. प्रादेशिक अस्पताल, लाहान , २ महिना देखि अहिले सम्म
९. चन्द्रनिगाहपुर अस्पताल, रौतहट, ४ जना विगत ४ महिना देखी
१०. भारदह अस्पताल, २ जना, २ महिना देखी
११. प्रादेशिक अस्पताल, गौर, विगत ४ महिना देखी अहिले सम्म
१२. हरिवन नगर अस्पताल, सर्लाही, विगत ५ महिना देखि अहिले सम्म
१३. प्रादेशिक अस्पताल, जलेश्वर , २ महिना देखि अहिले सम्म
१४. अन्य धेरै........

**निवेदक**
सम्पूर्ण छात्रवृति करार स्वास्थ्यकर्मीहरु
मधेश प्रदेश